# रिलायन्स फाइनान्स लिमिटेड
# RELIANCE FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था
प्रदर्शनी मार्ग, काठमाडौं, पो.ब.नं. २०१३६
फोन नं. ०१-४२२३११७, ०१-४२६११०४ फ्याक्स : ०१-४२२०६९८
Email: info@reliancenepal.com.np, URL : reliancenepal.com.np

को

## हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

यस कम्पनीको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा श्री रिलायन्स फाइनान्स लिमिटेडको मिति २०७४/०८/०७ गते सम्म तत्काल कायम शेयरधनीहरुको लागि दश शेयर बराबर चार दशमलव पाँच शेयर (१० : ४.५) को अनुपातमा रु.१००/- अंकित दरको २३,०६,५७१/६० कित्ता हकप्रद साधारण शेयर मिति २०७४/०८/२२ गतेका दिन देखि २०७४/०९/२७ गते सम्मका लागि बिक्री खुल्ला गरिएको व्यहोरा जानकारी गराइन्छ। यस हकप्रद शेयर निष्काशन सम्बन्धमा मिति २०७४ मंसिर ०४ गतेको **अन्नपूर्ण पोष्ट दैनिक**मा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नुहुन समेत अनुरोध गरिन्छ।

### हकप्रद साधारण शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) हकप्रद शेयरको लागि दरखास्त दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीले तोकिएको दरखास्त फाराम भरी दरखास्त दिनु पर्नेछ।

(ख) हकप्रद शेयर खरिद गर्नका लागि तत्काल कायम शेयरधनीहरुले मात्र शेयर खरिद गर्न दरखास्त दिन सकिनेछ।

(ग) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।

(घ) हकप्रद शेयरका लागि दरखास्त दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु. १००/- का दरले हुने एकमुष्ट रकम दरखास्त फाराममा तोकिएको संकलन केन्द्रहरु वा निष्काशन कम्पनीको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी दरखास्त दिनु पर्नेछ।

(ङ) संयुक्त नाममा रहेका तत्काल कायम शेयरधनीहरुले दरखास्त दिँदा संयूक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।

(च) हकप्रद शेयर बाँडफाँड गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँड गरी वितरण गरिनेछ।

(छ) तोकिएको समय भित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्त साथ शेयर वापतको रकम दाखिला नगर्ने तत्काल कायम शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दाबी गर्न पाउने छैन।

(ज) डिम्याट खाता भएका शेयरधनीले आफ्नो डिम्याट खाता नम्बर (१६ अंकको Beneficiary Owner ID नम्बर) र डिम्याट खाता रहेको बैंक/संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ। हकप्रद शेयर बाँडफाँड पश्चात बाँडफाँडमा परेको शेयर निवेदक शेयरधनीले उल्लेख गरेको डिम्याट खातामा जम्मा गरिदिईनेछ।

(झ) नगद लाभाँश वितरण गर्दा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम शेयरधनीको खातामा नै लाभाँश रकम जम्मा गरिदिने प्रयोजनको लागि शेयरधनीले आफ्नो बैंक खाता नम्बर र खाता रहेको बैंक / वित्तीय संस्थाको नाम स्पष्ट रुपमा हकप्रद शेयरको दरखास्त फाराममा उल्लेख गर्नु पर्नेछ। भविष्यमा कम्पनीले नगद लाभाँश दिदा शेयरधनीले उल्लेख गरेको बैंक/वित्तीय संस्थामा रहेको उल्लेखित खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ।

(ञ) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस कम्पनीको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त वा हेर्न सकिने स्थानहरु :

**उपत्यका भित्र**

१. सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।
२. रिलायन्स फाइनान्स लिमिटेड, प्रदर्शनीमार्ग, काठमाडौं; न्यूरोड, काठमाडौं।

**उपत्यका बाहिर**

३. सन्राइज बैंक लिमिटेडका शाखा कार्यालयहरु
विराटनगर, वीरगंज, बुटवल, धरान, नेपालगंज, लहान, दमक, राजविराज।
४. रिलायन्स फाइनान्स लिमिटेड, महेन्द्रपूल पोखरा, नारायणगढ चितवन, बेसीशहर लमजुङ, जनागाल बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, चारआली झापा।
५. हकप्रद शेयर खरिदका लागि भर्नुपर्ने दरखास्त फाराम निष्काशन कम्पनी रिलायन्स फाइनान्स लिमिटेडको वेभवसाइट: reliancenepal.com.np र निष्काशन तथा बिक्री प्रबन्धक श्री सन्राइज क्यापिटल लिमिटेड (साविक एन.सि.एम. मर्चेन्ट बैकिङ्ग लि.) को वेभसाइट : www.sunrisecapital.com.np बाट पनि Download गर्न सकिनेछ।

उपरोक्त स्थानहरु बाहेक अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले शेयर निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सन्राइज क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त सिधै हुलाक वा कुरियरद्वारा सन्राइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंमा पठाउन सकिनेछ। शेयर बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन्।

**बिक्री प्रबन्धक :**

**सन्राइज क्यापिटल लिमिटेड**
**SUNRISE CAPITAL LTD.**
**(सन्राइज बैंक लिमिटेडको सहायक कम्पनी)**

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-४४२८५५०, फ्याक्स नं. ०१-४४२८६८८
वेवसाइट: www.sunrisecapital.com.np, ईमेल: info@sunrisecapital.com.np
(साविक एन.सि.एम. मर्चेन्ट बैंकिङ्ग लिमिटेड)